
नेपाल समाचारपत्र





# प्रदेश-३



2018, JUN
Wednesday
20

संघसंस्था दर्ता/नवीकरणका लागि संस्थाका पदाधिकारी तथा कर्मचारीको सम्पत्ति विवरण अनिवार्यरूपमा उपलब्ध गराउनुपर्ने बाध्यकारी व्यवस्था गरेको छ।

### भूकम्पपछिको पुनर्निर्माण

## चार अर्ब आवश्यक, खातामा शून्य

मोतीराम तिमल्सिना, काभ्रे

भूकम्प गएको ३ वर्ष पूरा भइसकेको छ। तर भूकम्पपीडितको गुनासो सम्बोधन हुन सकेको छैन। सम्झौता गरेर पुनर्निर्माण गर्ने पीडितले बैंकमा रकम अभाव हुँदा भुक्तानी पाउन सकेका छैनन्। तर भूकम्पपीडितका लागि खोलिएका कार्यालयमा भने प्रशासनिक रजाइँ भएको छ।

भूकम्पपीडितका लागि खोलिएका कार्यालय जिल्ला आयोजना कार्यान्वयन एकाइले चालू वर्षको असार मसान्तभित्र ४ अर्ब रकम भुक्तानी गर्नुपर्ने तथ्यांक सार्वजनिक गरेको छ। ४ अर्ब माग भएको जिल्लाका लागि २ किस्ता गरेर डेड अर्ब रकम प्राप्त भएको छ। कार्यालयमा किस्ताबापतको रकम कहिले आउँछ ? भन्दै सेवाग्राही भूकम्पपीडितको लाइन आउँछ। आयोजना कार्यान्वयन एकाइले बैंकमा रकम नभएका कारण भुक्तानी गर्न नसकेको जवाफ दिएर फर्काउने गरेको छ।



राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको धुलिखेलमा रहेको शाखाले भूकम्पपीडितका लागि भन्दा प्रशासनिक रजाइँमा मस्ती गरेको भेटिएको छ। धुलिखेलमा प्राधिकरणको क्षेत्रीय कार्यालय रहेको समयमा सहसचिवसहितको दरबन्दी थियो । त्यही बेला भाडामा लिएको १६ कोठे भवनलाई ४ जना कर्मचारी रहँदा पनि पनि प्रयोग गरिरहे। मासिक ६० हजार घर भाडा तिरेर १६ कोठा सम्झौता गरेको भवन प्राधिकरणले ३ वर्ष प्रयोग गर्‍यो। ३ वर्षसम्म उक्त घरका ४ वटा कोठाभन्दा कहिल्यै प्रयोगमा आएन। भाडामात्रै २० लाखभन्दा धेरै तिरेको उक्त कार्यालयको जस्तै काम गर्न २०७३ माघदेखि जिल्ला आयोजना कार्यालय खुल्यो। त्यो कार्यालय पनि भाडा तिरेरै बसिरहेको छ। शिक्षा कार्यालयअन्तर्गत डीएलपीआईयू खुल्यो। पाइलैपिच्छे कार्यालय खोलेर राष्ट्रिय प्राधिकरणले प्रशासनिक दोहन गरिरहेको छ। भूकम्पपीडितलाई दिने खातामा शून्य रकम छ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको धुलिखेल कार्यालय खारेज भएपछि त्यसका सामान राख्न अर्को छुट्टै कार्यालय भाडामा लिनुपर्ने अवस्था सिर्जना भएको छ। कतै सामान भद्रगोल कतै वर्षैपिच्छे कार्यालयपिच्छे नै खरिद गरेर भूकम्पका नाममा विनियोजन भएको रकम अनियमित खर्च गरिएको छ। अनुगमनका नाममा कार्यालय सहयोगीलाई समेत सहभागी गराएर वितरण गरिएको भत्ताको हिसाब किताब नै छैन।

१६ कोठे कार्यालयका लागि ६० हजार भाडाका अलावा लजिस्टिकबापतका दर्जनौं सामान खरिद गरेर थन्काइएको थियो। अन्य कार्यालय खोल्दासमेत थन्क्याइएका सामान पठाइएन। ४ जना कर्मचारीका लागि त्यति धेरै भाडा तिरेर किन कार्यालय राखियो ? लजिस्टिक सामान अन्य कार्यालयलाई किन उपलब्ध गराइएन ? यता भूकम्पपीडित किस्ता नपाएर छटेपटिएका छन्। ९० हजार सर्भे गरिएकोमा ७२ हजार ४ सय १७ मात्रै लाभग्राही सूचीमा परेका छन्। २४ सय १५ प्रबलीकरणमा छन्। अझै १५ हजार घरपरिवारको गुनासो सम्बोधन हुन सकेको छैन। २३ हजार ६ सय ३६ गुनासो फाराम भरिएको थियो।

जिल्लामा ६६ हजार ९ सय ९१ पीडितको लाभग्राही सूचीअनुसार सम्झौता गरिएको छ। दोस्रो किस्ता २५ हजार ४ सय ४५ र तेस्रो किस्ता ६ हजार ९ सय ८२ जनाले प्राप्त गरेका छन्। रेकर्डमा ४३ हजार १ सय १६ घर बन्दै गरेको देखाइएको छ। स्थानीय जनप्रतिनिधिले भूकम्प प्राधिकरणको कामको सुस्तताका कारण जनताको दबाब थेग्न नसकेको गुनासो गरेका छन्।

## सत्तापक्षीय सांसद नै बजेटको विरोधमा

रोशन पराजुली, हेटौंडा

प्रदेश-३ का प्रदेशसभा सदस्य नीति तथा कार्यक्रमभन्दा पनि कमजोर बजेट आएको भन्दै प्रदेश सरकारमाथि खनिएका छन्। विरोध गर्नेमा सत्तापक्षीय प्रदेशसभा सदस्यसमेत छन्।

राजस्व एवम् व्यय अनुमान (बजेट) माथिको छलफलमा बोल्ने प्रदेशसभा सदस्यले बजेट संघीयताको मर्मविपरीत र मन्त्रीमुखी भएको भन्दै विरोध गरेका छन्। उनीहरूले बजेटको ढाँचा राणा, पञ्चायत र बहुदलमा जस्तै परम्परागत भएको भन्दै यसले संघीयता महसुस गराउन नसकेको बताएका थिए।

छलफलमा सत्तापक्षीय राजेन्द्र पाण्डेले बजेट मन्त्रीमुखी भएको भन्दै मकवानपुर र रामेछापजस्ता मन्त्री भएका जिल्ला 'भाग्यमानी' र मन्त्री नभएका जिल्लालाई 'अभागी' बनाइएको भन्दै आपत्ति जनाउनुभयो।

उहाँले प्राथमिकता दिने काममा बजेटमा अलमल देखिएको भन्दै 'सोडा हालेर' राम्रो भन्ने पक्षमा आफू नरहेको बताउनुभयो। ५ लाख रुपियाँसम्मका मात्र योजना उपभोक्ता समितिमार्फत गराउने र सो भन्दामाथि ठेक्का प्रणालीमा जाने विषय गलत भएको उहाँको भनाइ थियो। युवा वैज्ञानिक कोष स्थापनाजस्ता केही योजना सकारात्मक भएको उहाँले बताउनुभयो।

प्रदेशसभा सदस्य बुद्धिमान माझीले बजेट, बजेटजस्तो नभएर नीति तथा कार्यक्रमजस्तो अमूर्त भएको टिप्पणी गर्नुभयो। उहाँले प्रदेशमा निर्वाचन क्षेत्र विकास कोष विनियोजन भएको भए उपयुक्त हुने बताउँदै बजेटमा परिमार्जन आवश्यक रहेको बताउनुभयो। उहाँले रुग्ण उद्योग पुनः सञ्चालनका लागि बजेट नछुट्याएको गुनासो गर्नुभयो।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका प्रमुख सचेतक राधा घलेले बजेट सुन्दर शब्द र नाराले समेटिएको र मन्त्रमुग्ध बनाउने खालको भए पनि यसले जनतालाई नछोएको बताउनुभयो। सरकारको नीति तथा कार्यक्रम र बजेटमा एकरुपता नरहेको उहाँको भनाइ थियो।

५५ लाख जनसंख्या भएको प्रदेशमा वार्षिक १० हजारको स्वास्थ्य परीक्षण गर्ने गरी मुख्यमन्त्री स्वास्थ्य परीक्षण योजना ल्याएकोप्रति आपत्ति जनाउँदै उहाँले गरिबीको रेखामुनि रहेका ५ लाख जनसंख्यालाई स्वास्थ्य परीक्षणमा समेट्न नसक्नु सरकारको लाचारीपन भएको बताउनुभयो।

बजेट दुईतिहाइको दम्भमा आएको भन्दै उहाँले सरकारले कम्पनी सञ्चालन गर्ने नभई लगानीमैत्री वातावरण बनाउनुपर्नेमा त्यसतर्फ अग्रसर नहुनु आपत्तिजनक भएको बताउनुभयो।

नेपाल मजदुर किसान पार्टीका प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले प्रदेश बजेटले नयाँपन प्रस्तुत गर्नुभन्दा जनतामा नकारात्मक प्रभाव दिएको बताउनुभयो। उहाँले बजेट 'अस्पष्ट र अपूरो' रहेको बताउनुभयो। उहाँले बजेट प्राथमिकता निर्धारण गर्नमा भन्दा ससाना रहरमा अल्झिएको भन्दै आलोचना गर्नुभयो। बजेट वक्तव्यलाई उहाँले विकास योजनाको खाकाभन्दा पनि सम्भाव्यता अध्ययनको विवरणको संज्ञा दिनुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीकी रिता माझीले बजेटले संघीयता कार्यान्वयनमा प्रश्नचिह्न खडा गरेको टिप्पणी गर्नुभयो। उहाँले महिला र गरिबलाई बजेटले नसमेटेको बताउँदै सबै क्षेत्रलाई निराश बनाई संघीयता विघटन गर्न खोजिएको हो ? भन्ने प्रश्न गर्नुभयो।

## विद्यालय भवन हस्तान्तरण

नेपाल समाचारपत्र

नुवाकोट

सूर्यगढी गाउँपालिका वडा नं २ कुवापानीमा समारिटन्स पर्सको आर्थिक सहयोगमा निर्माण गरिएको मंगलादेवी आधारभूत विद्यालयको भवन हस्तान्तरण गरिएको छ। विसं २०७२ सालको भूकम्पमा ध्वस्त भएको विद्यालयमा गैरसरकारी संस्था समारिटन्स पर्सको आर्थिक सहयोगमा निर्माण गरिएको हो।

विद्यालय हस्तान्तरण कार्यक्रममा बोल्दै गाउँपालिकाका अध्यक्ष सन्तबहादुर तामाङले सामुदायिक विद्यालयको शैक्षिक अवस्था सुधार गर्न शिक्षक, अभिभावक, व्यवस्थापन समितिका अध्यक्ष र विद्यार्थी एकजुट भएर लाग्नुपर्ने बताए। तामाङले सामुदायिक विद्यालयको शैक्षिक अवस्था सुधार गर्न शिक्षकहरूले आफ्ना बालबालिकालाई पनि सामुदायिक विद्यालयमा नै भर्ना गराएमात्र सुध्रिने धारणा व्यक्त गरे। कार्यक्रममा शिक्षा विकास तथा समन्वय एकाइ नुवाकोटका प्रमुख मदन थापाले विभिन्न संस्थाले विद्यालय निर्माण गरिदिए पनि त्यो सरकारले नै निर्माण गरिदिएको धारणा व्यक्त गरे। थापाले विद्यालयको शिक्षामा सुधार गर्न सबै पक्ष मिलेर अघि बढेमा मात्र सम्भव रहेको बताए। भूकम्पबाट ध्वस्त भएको विद्यालयले सबैलाई साँघुरो र एकै ठाउँमा राखेर पढाउने गरेको थियो।

विद्यालयमा १ सय ९५ जना विद्यार्थी अध्ययनरत रहेको विद्यालयका प्रअ लामिछानेले बताए। विद्यालयको भवन निर्माणस्थलको जग्गाका लागि स्थानीयबासीले २ लाख ४३ हजार र कारनेट नेपालले २ लाख रुपियाँ आर्थिक सहयोग गरेको बताइएको छ। जुन रकमले ४ रोपनी ७ आना जग्गा किनेको समारिटन्स पर्स नुवाकोटका कार्यक्रम संयोजक गणेश लामाले बताए। विद्यालयमा अहिले पक्की भवन निर्माण भएसँगै विद्यार्थी दङ्ग छन्। नौकोठे भवनसहितको संरचना र भौतिक सामग्रीसमेत जुटाई गाउँपालिका र विद्यालय प्रशासनलाई भवन हस्तान्तरण गरिएको छ।

१ करोड ८५ लाख रुपियाँको आर्थिक लगानीमा भूकम्पलगायतका विपद्प्रतिरोधी भवन, ६ कोठे शौचालय, ६ वटा धारासहितको स्वच्छ खानेपानी, सबै कक्षामा पुस्तकालय, फर्निचर, खेल सामग्रीसहित विषयगत शिक्षकलाई तालिमसमेत प्रदान गरिएको छ। विसं २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पले विद्यालयका सबै कक्षामा पूर्ण क्षति बनाएकाले अस्थायी टहरामा सञ्चालनमा रहेको विद्यायललाई नयाँ भवनसहित सहायता सामग्री प्राप्त भएकाले शिक्षकमा मनोबल वृद्धि हुनाकासाथै विद्यार्थीमा पनि उत्साह बढेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मीनबहादुर लामिछानेले बताए। समरिटेन्ट पर्सको 'अन्तर्राष्ट्रिय राहत कार्यक्रम' मार्फत यहाँ हाल अन्य ५ विद्यालयको पुनर्निर्माण र त्यसका लागि आवश्यक सामग्री व्यवस्थापन भइरहेको उक्त संस्थाका जिल्ला कार्यक्रम संयोजक गणेश लामाले जानकारी दिए।

## संस्था दर्ता र नवीकरणका लागि नयाँ व्यवस्था

नुवाकोट, (नेस)

जिल्ला प्रशासन कार्यालय नुवाकोटले सामाजिक संघसंस्था दर्ता र नवीकरणका लागि नयाँ व्यवस्था गरेको छ।

कार्यालयले आइतबार एक सार्वजनिक सूचना प्रकाशित गर्दैसंघसंस्था दर्ता/नवीकरणका लागि संस्थाका पदाधिकारी तथा कर्मचारीको सम्पत्ति विवरण अनिवार्यरूपमा उपलब्ध गराउनुपर्ने बाध्यकारी व्यवस्था गरेको छ। एउटा संस्थाले एउटा मात्र कार्यक्षेत्रमा काम गर्न पाउने तथा दर्ता भइसकेका संस्थाले एउटा मात्र उद्देश्य राखेर विधान संशोधन गरेपछि मात्र नवीकरण गर्ने उल्लेख गरेको छ।

त्यस्तै लगातार ३ वर्षभन्दा बढी समयसम्म नवीकरण हुन नसकेका संस्थालाई १५ दिनभित्र नवीकरण गराउनसमेत समय दिइएको छ। त्यस्तै सामाजिक संस्थाले चौमासिकरूपमा अनिवार्य प्रगति विवरण बुझाउनुपर्ने व्यवस्थासमेत जिल्ला प्रशासन कार्यालय नुवाकोटले गरेको छ।

## फेरिए प्रदेशका सचिव

हेटौंडा, (नेस)

३ नम्बर प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव बलदेवप्रसाद जोशीलाई १ नम्बर प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सरुवा गरिएको छ। सामाजिक कोषको सचिवालयमा रहेका राजकुमार श्रेष्ठलाई ३ नम्बर प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा सरुवा गरिएको छ।

३ नम्बर प्रदेश आर्थिक मामिला मन्त्रालयका सचिव वसन्त अधिकारीलाई ५ नम्बर प्रदेशको मुख्यमन्त्रीको कार्यालयमा सरुवा गरिएको छ भने अतिरिक्त समूहका केवल भण्डारीलाई ३ नम्बर प्रदेशको आर्थिक मामिला मन्त्रालयको सचिवमा सरुवा गरिएको छ।

३ नम्बर प्रदेशको भूमि व्यवस्था, कृषि र सहकारी मन्त्रालयमा रहेका वंशी शर्मालाई २ नम्बर प्रदेशको सोही मन्त्रालयमा र २ नम्बर प्रदेशको भूमि व्यवस्था, कृषि र सहकारी मन्त्रालयमा रहेका विजयचन्द्र झालाई ३ नम्बर प्रदेशको सोही मन्त्रालयमा सरुवा गरिएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आइतबार २१ सहसचिवको सरुवा गरेको हो।

## प्रदेश-३ मा १२ हजार ८ सय ५ वटा ट्रक आवश्यक

नेपाल समाचारपत्र

हेटौंडा

यातायात व्यवस्था विभागले देशभरका यातायात सेवा चुस्तदुरुस्त बनाउने लक्ष्यसहित रुट अध्ययन गरेको छ। अध्ययनपश्चात् अब सोही आधारमा सवारीसाधन सञ्चालन गरिनेछ।

योजनाअन्तर्गत विभागले सहायक र राष्ट्रिय सडकको रुट अध्ययन गरेको छ। देशका सबै क्षेत्रका रोडको अध्ययन चालू आर्थिक वर्षभित्र सक्ने लक्ष्य छ। सरकारले रुट अध्ययनका लागि बजेट पारित गरेलगत्तै देशभरका साना तथा ठूला रोडको अध्ययन थालिएको थियो।

सरकारले सडकको सम्पूर्ण विवरणका साथै ती सडकले ओगटेका भोगोलिक क्षेत्रमा बसोबास गर्ने जनसंख्याको आधारमा सवारीसाधन परिचालन गर्नेछ। अध्ययनपश्चात् सवारीसाधनलाई प्रतिस्पर्धात्मकरूपमा रुट इजाजत दिइनेछ।

योजनाअन्तर्गत विभाग रोडहरूको अध्ययन गरी ती रोडमा कस्ता बस गुडाउँदा उपयुक्त हुन्छ, कस्तो रोड आवश्यक छ, कति संख्यामा सवारीसाधन आवश्यक पर्दछन् जस्ता कुराको अनुसन्धान गर्दै अगाडि बढिरहेको छ।

अध्ययनपछि ५ वटा प्रदेशको सडकको स्थिति, राजमार्ग/सहायक राजमार्गको संख्या, आवश्यक सवारीसाधन र यात्रु संख्या सार्वजनिक गरिएको छ। अध्ययन कुन रुटमा कति सवारी आवश्यकता छ र यात्रु कति छन् भन्नेमा केन्द्रित रहेको जनाइएको छ।

यातायात व्यवस्था विभागले अध्ययन सकेर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा प्रतिवेदन बुझाउने तयारी गरेको छ। विभागले ५ वटा प्रदेशका ६२ वटा राजमार्ग र सहायक सडक रुटको अध्ययन गरेको थियो। अध्ययनमा उल्लेख भएअनुसार ५ वटा प्रदेशमध्ये प्रदेश-३ मा सबभन्दा धेरै रुट सञ्चालनमा छन्।

विभागले प्रदेश-१, २, ३, ४ र ५ को रुट अध्ययन गरेको हो। विभागले गरेको रुट अध्ययनमा हाल तत्कालको अवस्थामा आवश्यक सवारी संख्या, सवारीको किसिम र यात्रुको आगमन हुनसक्ने संख्या तय गरेको छ। अध्ययनमा ५, १० र १५ वर्षपछिका लागि आवश्यक सवारी, सवारीको किसिम र यात्रु संख्या पनि अनुमान गरिएको छ।

अध्ययनअनुसार प्रदेश-३ मा तत्कालको अवस्थामा १२ हजार ८ सय ५ वटा ट्रक, ५ हजार ९ सय ९६ बस, ७ हजार ३ सय ५३ माइक्रो र २ हजार ९ सय ९७ वटा जिप आवश्यक पर्नेछ।

विभागको अध्ययनले सबभन्दा धेरै प्रदेश-३ मा रुट रहेको देखाएको छ। प्रदेश-३ मा २६ वटा राजमार्ग तथा सहायक सडक पहिचान गरिएको छ। यसमा १५ वटा राजमार्ग र ११ वटा सहायक सडक पहिचान भएको छ।

अध्ययनमा सडकको घुम्ती, चौडाइ, चालकले देख्न सक्ने दूरी र मौसमअनुसार चल्न सक्ने सवारी गरी ३ समूहमा वर्गीकरण गरी रुट अध्ययन गरिएको छ। सबै प्रकारका सवारी चल्ने रुटलाई 'ए' हल्का सवरी चल्न सक्ने सडकलाई 'बी' र जिप र चौडाइ साना भएका सवारी चलाउन मिल्ने सडकलाई 'सी' समूहमा वर्गीकरण गरिएको छ।

## सैलुन व्यवसायमा युवाको आकर्षण




नेपाल समाचारपत्र

चितवन

पछिल्लो समय चितवनमा सैलुन व्यवसाय गर्ने युवाको संख्या बढ्दै गएको छ।केही वर्षअघि भारतीयले मात्र गर्ने यो व्यवसायमा पछिल्ला वर्षमा नेपाली युवाको प्रवेश बढ्न थालेको छ। विगत ५ वर्षदेखि सैलुन व्यवसायमा सक्रिय भरतपुरका युवा रामप्रसाद सिग्देलले मंगलबारदेखि भरतपुरको चौबीसकोठीमा अत्याधुनिक सेवा सुविधासहितको पपुलर जेन्स एन्ड लेडिज सैलुन सञ्चालनमा ल्याएका छन्। सैलुनको मंगबार एक कार्यक्रमका बीच चितवन क्षेत्र नम्बर २ (ख) का प्रदेशसभा सांसद विजय सुवेदीले उद्घाटन गरे। सैलुन उद्घाटन गर्दै सुवेदीले देशमा लगानी गर्ने र व्यवसाय गर्ने वातावरण बनेको भन्दै युवा उद्यमशील बन्नुपर्ने बताए। उनले साना कामबाट नै समाज रूपान्तरण हुने भन्दै कामलाई लिएर विभेद गर्न नहुने तर्क गरे। 'सुवेदीले भने- 'हामी नेपालमा आफ्नै काम गर्न लाज मान्छौं, विदेशमा गएपछि जस्तोसुकै काम सानो ठूलो हुँदैन भन्ने गर्छौं।' कामलाई सानो-ठूलो भन्ने हाम्रो मानसिकता नै अन्त्य गर्नुपर्ने उनले बताए। हरेक व्यवसायमा सफल बन्न लगनशील बन्नुपर्नेमा सुवेदीको जोड छ।

सोही अवसरमा बोल्दै क्रान्तिकारी पत्रकार संगठनका निवर्तमान केन्द्रीय कोषाध्यक्ष नवराज ढकालले हरेक कामलाई सम्मान गर्न सिक्नुपर्ने बताए। उनले व्यवहार र बोलीले व्यवसायमा प्रभाव पार्ने भएकाले त्यसतर्फ ध्यान दिन सुझाव दिए। नेपाली युवाले कवाडी सामान उठाउनेदेखि सुनपसल राख्नेसम्मका व्यवसाय गर्नुपर्ने उनले बताए। उद्यमशील बन्ने युवालाई मिडियाको सधैं साथ रहने ढकालको भनाइ छ।

आफ्नै देशमा केही गर्ने उद्देश्यका साथ सैलुन पेसामा लागेको सञ्चालक रामप्रसाद सिग्देलले बताए। उनले सैलुनमा विभिन्न सेवासँगै ट्रेनिङ पनि सञ्चालन गर्ने जानकारी दिए। सैलुन व्यवसाय गरे विदेशमा जति पैसा आफ्नै देशमा कमाउन सकिने उनको भनाइ छ।

करिब २० लाखको लगानीमा सञ्चालनमा ल्याइएको सैलुनमा ८ जना नेपाली युवायुवतीले रोजगार पाएका छन्। सैलुनमा कपाल काट्ने, कलर गर्ने, फेसियल, कपाल स्टेट, बेहुला/बेहुली मेकअपलगायतका सेवा प्रदान गरिने सञ्चालक सिग्देलले बताए।

तपाईंले मदिरा खरिद गर्न र प्रयोग गर्न ३ पुस्ते नाम थर र वतन लेख्नुपर्नेछ। जिल्ला प्रशासन कार्यालय दैलेखले दैलेखका ११ वटै स्थानीय तह र उद्योग वाणिज्य संघसँग सहकार्य गरेर यस्तो कार्ययोजना अघि सारेको हो।



# विकासले निम्त्याएको विनाश

**नेपाल समाचारपत्र**

पर्वत

लगातारको वर्षासँगै गएको पहिरोका कारण यहाँको एक विकट गाउँका ८ घर विस्थापित भएका छन्।

पर्वतको महाशिला गाउँपालिका-५, लुंखुदेउरालीस्थित कुसुनडाँडाका ८ घर दीर्घकालीनरूपमै विस्थापित हुने भएका हुन्। गत शनिबार राति परेको वर्षासँगै गएको पहिरोमा परी ३ घरमा पूर्णरूपमा क्षति पुगेको छ भने बाँकी ५ घर तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्थामा रहेको वडाध्यक्ष जीवनविक्रम उच्चैले जानकारी दिए।

हिउँदमा खनिएको मोटरबाटोका कारण पहिरो जाँदा बस्ती नै जोखिममा परेको हो। पहिरोले स्थानीय शिक्षक छवि अधिकारीको गोठ र मोटरसाइकलमा पूर्ण क्षति भएको थियो। पहिरोको जोखिममा रहेका छवि अधिकारीसँगै विष्णु अधिकारी र मेघनाथ अधिकारीलाई तत्काल अस्थायी टहरा बनाउनका लागि जस्तापाता र नगद सहयोग गरिएको छ। अन्य ५ घर पनि दिउँसोमा सोही घरमा बस्ने र वर्षा भएपछि अन्यत्रै आफन्तकोमा आश्रय लिएर बस्ने गरेका छन्।

पहिरोको जोखिममा रहेका ८ घर नै दीर्घकालीन स्थानान्तरण गर्नुपर्ने भएकाले गाउँपालिकाले तत्काल उपयुक्त जग्गा व्यवस्थापन गर्न थालेको उच्चैले जानकारी दिए। तत्काल ३ घरका लागि गाउँपालिकाले अस्थायी टहरा निर्माण गर्न सहयोग गरिसकेको र



बाँकी परिवारका लागि केही दिनमै जग्गा व्यवस्थापन गरिने समेत उनको भनाइ छ। भिरालो जग्गामा रहेको बस्ती वर्षेनी पहिरोको जोखिममा पर्दै आएको थियो। पहिरोका कारण उक्त स्थानमा १ करोडभन्दा बढीको क्षति पुगेको अनुमानसमेत गरिएको छ।

बस्ती नै जोखिममा परेर स्थानान्तरण हुनुपरेपछि ठूलो समस्या परेको पीडित छवि अधिकारीले गुनासो गरे। सयौँ वर्षदेखि बसोबास गर्दै आएको ठाउँ छोड्नुपर्दा निकै निराशा छाएको उनले बताए। जीवनभरको कमाइ खर्चिएर बनाएको घर छाडेर नयाँ ठाउँमा पुनः धेरै खर्चिएर घर बनाउन आर्थिक बोझ थपिएको उहाँको गुनासो छ। त्यस्तै, अर्का पीडित मेघनाथ अधिकारीले पनि गाउँपालिकाले तत्कालका लागि अस्थायी टहरा बनाउन सहयोग गरेपछि दीर्घकालीन बास बनाउनका लागि आर्थिक अभाव भएको गुनासो गरे। उनले गाउँपालिकालाई आवश्यक रकमको व्यवस्थापन गरिदिन आग्रह गरे।

गएको शनिबार आएको वर्षाका कारण महाशिलामा सबैभन्दा बढी क्षति पुगेको थियो। वर्षाका कारण गाउँपालिकाका सबैजसो सडक अवरुद्ध भएको पनि प्रवक्तासमेत रहेका जीवनविक्रम उच्चैले जानकारी दिए। उनले सबै सडक खुलाउनका लागि डोजर र एस्काभेटर परिचालन गरिएको र आजदेखि सबै सडक सुचारु गरिने समेत जानकारी दिए। सडक अवरुद्ध हुँदा गाउँपालिकादेखि सदरमुकाम कुश्माबजार आउने र प्रदेश राजधानी पोखरा जाने सडकसमेत अवरुद्ध भएका छन्।

# आयोगप्रति द्वन्द्वपीडितको अविश्वास

**सरोज यादव, विराटनगर**

द्वन्द्वप्रभावित महिलाले सम्बन्धित आयोगले सही र वास्तविक छानबिन गरेर न्याय दिन नसकेको गुनासो गरेका छन्।

मानवअधिकारका लागि एकल महिला समूहले विराटनगरमा आयोजना गरेको द्वन्द्वप्रभावित महिलाको सवाल विषयक प्रदेशस्तरीय छलफल कार्यक्रममा सहभागी महिलाले यस्तो गुनासो गरेका हुन्।

उनीहरूले आफ्ना आफन्तजनको बलिदानी र त्यागका कारण मुलुकको शासन व्यवस्था परिवर्तन भए पनि आफूहरूले न्याय पाउन नसकेको बताएका थिए। इलाम-७ की द्वन्द्व प्रभावित माया भण्डारीले श्रीमान् बेपत्ता भएको विषयमा राज्य र विद्रोही पक्षले अहिलेसम्म कुनै जानकारी नदिएको बताउनुहुँदै छोराछोरीको पालनपोषण र शिक्षादीक्षाका लागि एक्लै संघर्ष गर्नुपरेको दुखेसो पोख्नुभयो।

उदयपुरकी शोभा दाहालले द्वन्द्व र आन्दोलनको नेतृत्व गर्नेहरू अहिले सत्ता सुख लिइरहे पनि द्वन्द्वका क्रममा हत्या गरिएका र बेपत्ता पारिएका परिवारलाई उपेक्षा गरिएको गुनासो गर्नुभयो। आयोजक संस्थाकी प्रदेश एक अध्यक्ष लिली थापाले संघीयतालाई सम्मान गर्दै पीडित पक्षलाई न्याय दिनुपर्ने माग गर्नुभयो। उहाँले गठन गरिएका आयोगमा द्वन्द्वपीडितको सहभागिता नभएको र द्वन्द्वपीडित ठम्याउने परिभाषासमेत अन्योलपूर्ण रहेको बताउनुभयो। थापाले २०६३ सालपछि भएको द्वन्द्वपीडितको अभिलेखीकरणसमेत छुटेको बताउनुभयो।

सत्य निरुपण तथा मेलमिलाप आयोगका प्रदेश एक संयोजक चिरञ्जीवी पराजुलीले प्रदेश १ मा द्वन्द्वपीडितका १२ सय उजुरी परेकोमा ५ सयको अन्तिम प्रतिवेदन पठाइसकेको र थप १ सयको पठाउने तयारीमा रहेको बताउनुभयो। उहाँले निर्वाचन, बाढीपहिरो र जनशक्तिको अभावमा अपेक्षित गतिमा काम गर्न नपाएको स्वीकार गर्नुभयो।

प्रदेश नम्बर १ की उपसभामुख सरस्वती पोखरेलले द्वन्द्वपीडित महिला र परिवारले न्याय नपाए आर्थिक र समृद्धिले गति लिन नसक्ने बताउनुभयो। उहाँले पीडित महिला थप संगठित भएर अघि बढ्नुपर्ने आवश्यकता रहेको बताउनुभयो। जिल्ला समन्वय समिति मोरङका प्रमुख नरेशप्रसाद पोखरेल, नेपाल पत्रकार महासंघ प्रदेश १ का अध्यक्ष विक्रम लुईंटेल र महिला तथा बालबालिका कार्यालय मोरङ प्रमुख दुर्गा भण्डारी बराललगायतले पीडितको समस्या समाधान गर्न राज्य पक्ष थप गम्भीर हुनु आवश्यक रहेको बताउनुभयो।

## विपद् न्यूनीकरणका लागि अभ्यास

कञ्चनपुर (नेस)

कञ्चनपुरमा प्राकृतिक विपद्का बेलामा कसरी बाँच्ने र बचाउने भन्ने घटनाको अभ्यास महाकाली नदीमा गरिएको छ। प्राकृतिक विपद्का बेलामा प्राकृतिक विपद्बाट कसरी बाँच्ने र बचाउन सकिन्छ भन्ने बारेमा जानकारी दिन विपद् व्यवस्थापन समिति कञ्चनपुरले विपद् व्यवस्थापन कायक्रमअन्तर्गत कृत्रिम घटना अभ्यास गरेको हो।

कञ्चनपुका निमित्तजिल्ला अधिकारी शोभा अधिकारीले वर्षात्को समय शुरू भएकाले प्राकृतिक विपद्को घटना जुनसुकै बेलामा पनि हुने हुँदा पूर्वअभ्यास गरिएको बताउनुभयो। उहाँले जनचेतना होस्, भन्दै हामीले पनि आआफ्नो ठाउँबाट तयार भएर बस्न र विपद् न्यूनीकरण गर्नु नै अभ्यासको उद्देश्य रहेको बताउनुभयो। नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कञ्चनपुरका सभापति टेकराज उप्रेतीले भोलिका दिनमा ठूलो बाढी आउने भएको त्यसबाट बच्नका लागि र आफ्नो साधन स्रोतसहित तयारी अवस्थाामा रहनका पूर्वअभ्यास गरिएको बताउनुभयो।

वर्षात्को समय शुरू हुन लागेकाले जिल्लामा बाढी र डुबानजस्ता प्राकृतिक विपद् आउने हुनाले कृत्रिम घटना अभ्यासको पूर्वअभ्यास गरिएको हो। कृत्रिम घटना अभ्यासमा जिल्ला प्रशासन कार्यालय कञ्चनपुर, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कञ्चनपुर र स्थानीय बासिन्दाको सहभागिता रहेको थियो।

## सूचनाको हक सुशासन अभिवृद्धिको सशक्त हतियार

लमजुङ (नेस)

लमजुङमा सूचनाको हकसम्बन्धी अन्तरक्रिया गरिएको छ। सो अवसरमा प्रजिअ झंकनाथ ढकालले सूचनाको हक सुशासन अभिवृद्धिको सशक्त हतियार भएको बताउनुभयो।

सूचनाको हकसम्बन्धी कानुनी व्यवस्था र अभ्यास विषयक कार्यपत्र प्रस्तुत गर्दै उहाँले त्यस्तो धारणा व्यक्त गर्नुभएको हो। उहाँले आफूले पदीयभन्दा पनि सैद्धान्तिक विषयको प्रस्तुति गरेको बताउँदै ६ हजार वर्षअघि लेखिएको भागवत गीतामा समेत सूचनाका बारेमा बताइएको उल्लेख गर्दै गीताका श्लोक सुनाउनुभएको थियो। उहाँले भन्नुभयो- '६ हजार वर्षअघि लेखिएको गीतामा कर्मको सत्य के हो ? विकर्म, अकर्म के हुन् ? कामको गति समुद्रको गहिराइभन्दा तेज हुन्छ, रहस्य भनेको काम गर्ने बाटा हुन् भन्ने उल्लेख रहेछ।'

उहाँले सूचनाको हकसम्बन्धी ऐन-२०५४, सोसम्बन्धी नियमावली-२०५६ का बारेमा जानकारी दिनुहुँदै सूचनाको हकको प्रत्याभूतिका लागि पारदर्शिता प्रबर्द्धन गर्न नगारिकलाई सचेत गराउनुपर्ने बताउनुभयो। सूचनाको हक लोकतन्त्र र विकासको अनिवार्य शर्त भएको बताउनुहुँदै भ्रष्टाचारमा शून्य सहनशीलताका लागि पनि सूचनाको हक कार्यान्वयन हुन जरुरी भएको पनि बताउनुभयो। 'उत्तरदायित्वको महत्त्वपूर्ण साधन सूचनाको हक हो भन्दै प्रजिअ ढकालले सूचनाको हकको कार्यान्वयन स्थिति हराएको गाई सूर्यलाई दानजस्तो अवस्था छ, तर अब त्यसो हुन नदिऊँ' उहाँले भन्नुभयो।

सो कार्यपत्रका पत्रकार महासंघका केन्द्रीय सदस्य नवीनराज कुइँकेलले टिप्पणी गर्दै सूचनाको हक माग्ने पत्रकारले र दिने पत्रकारलाई जस्तो अवस्था छ सर्वसाधारणलाई पनि प्रश्न सोध्न सक्ने बताउन सक्दामात्र यसको कार्यान्वयन पक्ष दरिलो हुन सक्ने बताउनुभयो।

पत्रकार महासंघका कार्यबाहक जिल्लाअध्यक्ष कृष्णबहादुर आलेको अध्यक्षतामा भएको कार्यक्रममा महासंघका पूर्वजिल्ला अध्यक्ष कृष्ण केसीले आफ्ना धारणा राख्नुभएको थियो। महासंघका जिल्ला उपाध्यक्ष विमला अधिकारीले स्वागत गर्दै सूचनाको हकको कार्यान्वयनका लागि सबैले सहजरूपमा सूचना पाउने वातावरण हुनुपर्नेमा जोड दिनुभएको थियो।

# मदिरा सेवन गरी सरकारी निकायमा आउनेले सेवा नपाउने

**हिक्मत नेपाली, दैलेख**

कहीं कतै तपाईं मदिरा पिउँदै हुनुहुन्छ, या मदिरा किन्ने सोचमा हुनुहुन्छ ? यदि त्यसो हो भने अब तपाईंले मदिरा खरिद गर्न र प्रयोग गर्न ३ पुस्ते नाम थर र वतन लेख्नुपर्नेछ। जिल्ला प्रशासन कार्यालय दैलेखले दैलेखका ११ वटै स्थानीय तह र उद्योग वाणिज्य संघसँग सहकार्य गरेर यस्तो कार्ययोजना अघि सारेको हो। जिल्ला प्रशासन कार्यालय दैलेखले उक्त योजना निर्माण गरी गृह मन्त्रालयमा पठाइसकेको छ। मदिरा सेवनका कारण समाजमा हुने विकृति र विसंगति, घरेलु हिंसा, आपराधिक गतिविधि नियन्त्रण गर्न यस्तो कार्ययोजना निर्माण गरिएको प्रमुख जिल्ला अधिकारी विश्वराज न्यौपानेले बताए। कार्ययोजनामा भनिएको छ- 'यदि व्यापारी हो भने हरेक पसलका बोर्ड मदिरासहित वा मदिरारहित भनी उल्लेख गर्नुपर्नेछ।'

मदिरा बिक्री गर्ने पसलमा पनि ३ प्रकारका रंगमा बोर्ड निर्माण गरिनेछ। विदेशी ब्रान्डको मदिरा भए एउटा, स्वदेशी र विदेशी भए एउटा स्वदेशीमात्र भए एउटा कलरको पसलको बोर्ड बनाउने, सरकारी निकायमा मदिरा सेवन गरेर आएका व्यक्तिले सेवा नपाउने, कुनै सरकारी कर्मचारी मदिरा सेवन गरेर कार्यालयमा पुगे तत्काल कारबाही गर्नेजस्ता कुरा कार्ययोजनामा उल्लेख गरिएको छ। यसका लागि दैलेखका ११ वटै तहका निर्वाचित जनप्रतिनिधिसँग समन्वय गरिएको प्रजिअ न्यौपानेले बताए। उद्योग वाणिज्य संघले पनि यसलाई सकारात्मकरूपमा लिएको छ। जिल्ला प्रशासन कार्यालय दैलेखले पठाएको कार्यजोनालाई कार्यान्वयनमा ल्याउन चामुण्डाबिन्द्रासैनी नगरपालिकाले कार्यपालिका बैठकबाट पास गरेर सूचना जारी गरिसकेको नगरप्रमुख सूर्यबहादुर शाहीले जानकारी दिए। 'हामीले अवैध मदिरा नष्ट गर्ने, वैध मदिरालाई व्यवस्थित गर्नका लागि काम शुरू गरिसकेका छौं' -शाहीले भने।

यस्तै आठबीस नगरपालिकाले पनि मदिरा नियन्त्रणलाई कडाइका साथ अगाडि सार्ने योजना बनाएको नगरप्रमुख खड्कराज उपाध्यायले बताएका छन्। मन्दिर र विद्यालय क्षेत्रभन्दा १ सय मिटर टाढा राख्ने, बिरामी, वृद्ध र बालबालिकाले मदिरा खरिद गर्न नपाउने, मदिरा बिक्रीका लागि छुट्टै जोन बनाउने कुरामा नगरसभाले छलफल गरेर अगाडि बढेको उपाध्यायले बताए। जिल्लामा अवैध मदिरा नियन्त्रण गर्न नसके धेरै कुरा बिग्रने अवस्था देखिएको नारायण नगरपालिका दैलेखका नगरप्रमुख रत्नबहादुर खड्काले बताए। 'नगरसभाबाटै कानुन पास गरेर व्यवस्थापनका लागि पहल गर्ने योजनामा छौं' -नगरप्रमुख खड्काले भने।

नारायण नगरपालिकासँग सहकार्य गरेर दैलेख सदरमुकाम र आसपासको मदिरा बिक्रीवितरणलाई व्यवस्थित गर्नेबारे छलफल भएको दैलेख उद्योग वाणिज्य संघका अध्यक्ष कुलबहादुर विकले बताए। 'जिल्ला प्रशासन कार्यालय दैलेखले कार्ययोजना पठाएको छ, सदरमुकामको पुरानो बजार, देवकोटा चोक र गणेश चोकमा पायक पर्ने स्थानमा विक्री केन्द्र राख्ने, साइनबोर्ड कलरअनुसार राख्ने बारेमा छलफल भएको छ तर ठोस निष्कर्ष आएको छैन' -उनले भने। जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन र स्थानीय सरकार मिलेर दैलेखमा बढ्दै गएको लागूऔषध समाधानका लागि पनि पहल थाल्नुपर्ने स्थानीयले सुझाव दिएका छन्। विद्यालय उमेरका कतिपय युवा चुरोट, गाँजा, रक्सी सेवन गर्दै लागूऔषध प्रयोगकर्ता भइसकेको जानकारी जिल्ला प्रहरी कार्यालयलाई हुँदा पनि यसको रोकथाम गर्न नसकेकोप्रति नागरिक समाज र जनप्रतिनिधिले समेत चिन्ता व्यक्त गरेका छन्।

श्री साँगास्वाती देउपोखरी लौरे सामुदायिक वन उपभोक्ता समूह
चौरीदेउराली १ काभ्रेपलाञ्चोक।

**काठ लिलाम बिक्री सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७५ असार ६)

यस समूहको सा.व. क्षेत्रबाट यस आ.व.२०७४/०७५ मा नियमानुसार संकलन तथा घाटगद्दी भई उपभोक्ता भित्र खपत हुन नसकेको पाटेसल्ला थान २३९० को ५५२८.१८ क्यू.फि. गोलिया काठ नियमानुसार समूह बाहिर लिलाम बिक्री गर्न मिति २०७५।०३।०६ गते २१ दिने यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र काठको कारोबार गर्ने इजाजत प्राप्त इच्छुक काष्ठ व्यवसायी वा फर्मले दरभाउ पत्र खरिद गरी यस समूहमा गोप्य शिलबन्दी दरभाउ पत्र पेश गर्नु यो सुचना प्रकाशित गरिएको छ। साथै अन्य विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने व्यहोरा समेत अनुरोध छ।

# वन्यजन्तुको खुलेआम चोरी शिकारी

**विमल विष्ट, डोटी**

डोटीका ग्रामीण क्षेत्रबाट वन्यजन्तुको खुलेआम चोरी शिकारी हुने गरेको छ। वन्यजन्तुको चोरी शिकारी व्यापक भए पनि हालसम्म चोरी शिकारी नियन्त्रणको प्रभावकारी अभियान सञ्चालन हुन सकेको छैन। जिल्लाका विभिन्न सामुदायिक र सरकारी वनमा खुलेआम रतुवा, बदेल, घोरल, कालिजलगायतका वन्यजन्तु र बहुमूल्य जडिबुटीसमेत तस्करी हुने गरेको पाइएको छ। ग्रामीण क्षेत्रबाट तस्करले जंगली जनावरको मासुको सुकुटी बनाई छिमेकी तराईका जिल्लालगायत काठमाडौंसम्म पुर्‍याउने गरेका छन्।

वन्यजन्तुको चोरी शिकारी हुने गरेको व्यापक जनगुनासो आउन थालेपछि महाभारत शृंखलाअन्तर्गतको तेलेलेक वनमा जिल्ला वन कार्यालय डोटी, स्थानीय पत्रकार, शिखर नगरपालिकाका प्रतिनिधि र राजनीतिकदलका नेता कार्यकर्ता अनुगमनका लागि पुगेका थिए। अनुगमनका क्रममा चोरी शिकारीमा संलग्न तस्करले वन्यजन्तु मार्ने तरिका, मारेका वन्यजन्तुका हड्डी, छाला, चोरी शिकारीमा संलग्नको वासस्थानलगायत प्रयोग गर्ने नाका र तस्करले प्रयोग गरेका सामग्री फेला पारेका थिए। डोटीका जिल्ला वन अधिकृत बद्रिकुमार कार्कीका अनुसार अनुगमनका क्रममा जंगल क्षेत्रमा भैंसीपालन गर्दै आएका गोठाला र स्थानीय जनतासँग समेत छलफल गरिएको थियो। स्थानीय बासिन्दासँगको छलफलपश्चात् चोरी शिकारी नियन्त्रणका लागि स्थानीय तह र स्थानीय बासिन्दासँग मिलेर एकीकृतरूपमा चोरी शिकारीविरुद्धको अभियान सञ्चालन गरिनेभएको छ। जिल्ला वन अधिकृत कार्कीले भन्नुभयो- 'तस्करीका कारण वन्यजन्तु लोप हुने अवस्थामा पुगेका छन्। शिखर नगरपालिका र स्थानीय बासिन्दाको सहयोगमा यसविरुद्ध अभियानकै रूपमा जाने



तयारीमा छौं।'

तस्करले चोरी शिकारीका लागि महिनौंसम्म हातहतियारसहित जंगलमा बास बस्ने र शिकार गर्ने गरेको बताइएको छ। जंगलमा शिकार गरिएका वन्यजन्तुको मासु राजमार्गलगायत सदरमुकामका होटलमा समेत बिक्री हुने गरेको छ। जिल्लाको खप्तड राष्ट्रिय निकुञ्जसँग जोडिएका वन र माहाभारत शृंखलाअन्तर्गत रहेको तेलेलेक वनबाट बढी चोरी शिकारी हुने गरेको पाइएको छ। कर्णाली किनार हुँदै डडेल्धुराको गन्यापधुरादेखि डोटीका विभिन्न स्थानीय तहलाई तेलेलेक वनले समेटेको छ। डोटीको जोरायल गाउँपालिकाअन्तर्गत गैराका एक होटल व्यवसायीका अनुसार तेलेलेकमा मारिएका मृगको मासु सुकुटी बनाएर तराईका जिल्लालगायत काठमाडौंसम्म लैजाने गरिएको छ। होटल व्यवसायीको भन्छन्- 'जंगलबाट दैनिकजसो रतुवा, बदेलको सुकुटी मासु बजारसम्म आउँछ। यताबाट काठमाडौंसम्म लैजाने गरिएको छ।' चोरी शिकारी बढी हुने क्षेत्रका रूपमा चिनिएको तेलेलेक वनक्षेत्रलाई डोटीको शिखर नगरपालिकाले चोरी शिकारी नियन्त्रण अभियान शुरू गर्ने बताएको छ। जिल्ला वन कार्यालयसँग मिलेर चोरी शिकारी नियन्त्रण र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने तथा चोरी शिकारी निरुत्साहित गर्नेसम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने तयारी गरिरहेको बताइएको छ।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग